# सरावल राजपत्र

## सरावल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ सरावल पौष ३० गते २०७८ साल

## भाग २

## सरावल गाउँपालिका

**स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को बमोजिम गाउँ कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

सरावल गाउँपालिका

**२०७८ सालको कार्यविधि संख्या ३**

**कार्यविधिको नामः सरावल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि-२०७४ को प्रथम सम्सोधन-२०७८**

**सरावल गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय, नवलपरासी**

सरावल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि-२०७४ को प्रथम सम्सोधन-२०७८

सभाबाट स्वीकृत मितिः२०७८/०९/२९
प्रमाणिकरण मिति २०७४/०९/३०
प्रकाशित २०७४/०९/३०

सरावल गाउँपालिका, नवलपरासीक आर्थिक बर्ष ०७४/०७५ सरावल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि-२०७४ लाई संसोधन गर्न वाञ्छनीय भएकोले सरावल गाउँपालिका, नवलपरासीको नवौं गाउँसभाले यो ऐन संसोधन गरेको छ ।

१. **सरावल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि-२०७४ को दफा ३ को उपदफा २ मा संसोधनः**
उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त ३ महिना भित्र प्रचलित कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बनधित संघीय/प्रदेश/स्थानिय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित सरावल आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्ने छ । इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसुचि ४ बमोजिम पास वुक भरी अघिल्लो आर्थिक बर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसुचि–४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न सरावल बाध्य हुनेछैन ।

सरावल गाउँपालिका

२. **सरावल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि-२०७४ को दफा ३ को उपदफा ३ मा संसोधनः**

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको ५ बर्ष भित्र सबै प्रकृया पुरा गरी इजाजत पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग गरेमा सरावल आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुरको शत प्रतिशत थप शुल्क लिई प्रमूख प्रशासकीय अधिकृतले ईजाजतपत्र नवीकरण गरीदिनेछन ।

आज्ञालेः
बुद्ध प्रकाश पौडेल
प्रमूख प्रशासकीय अधिकृत

सरावल गाउँपालिका